**निर्णय नं. १:**

यस नगर कार्यपालीकाले विगतमा विभिन्न मितीमा गरेका सार्वजनिक महत्वका विभिन्न निर्णयहरुको कार्यान्वयनको अवस्था बारे आजको बैठकमा समिक्षा गर्दै कार्यान्वय गर्न बाँकी रहेका निर्णयहरुलाई यथासमयमै  सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय न २:**

निर्वाचन क्षेत्र निर्धारण आयोग द्धारा आगामी समयमा हुने संघिय संसद को क्षेत्र निर्धारण हुँदा यस वीरेन्द्रनगर नगरपालीकाको हालको क्षेत्र एकै क्षेत्र भित्र पर्ने गरि क्षेत्र निर्धारण गर्न सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

सार्वजनिक निर्माणका लागी तयार जिल्ला दररेटलाई अनुमोदन गर्दै सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

विभिन्न विपद पिडित तथा असहाय व्यक्तिहरुले यस नगरकार्यपालीकामा आर्थिक सहयोगका लागी अनुरोध गर्दै आएको सन्र्दभमा यस्ता प्रकृतिका विपद पिडित तथा असहायहरु लाई सम्बन्धीत वडा अध्यक्षको सिफारीसका आधारमा नगर प्रमुखको तोक आदेश बमोजिम बढिमा रु.१०००० (दश हजार) सम्म आर्थिक सहयोग उपलब्ध गराउनुका साथै वडा तहमा विभिन्न प्रकृतिका आर्थिक सहयोगका लागी माग भई आएमा वडा अध्यक्षले आन्तरिक आय बाट वडा तहमै रु.३०० (तिन सय) सम्म आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५:**

यस वीरेन्द्रनगर नगरपालीका क्षेत्र भित्र रहेका घण्टाघर,विशाल बजार लगायतका भाडामा दिएका संरचनाहरुको अवस्था कस्तो रहेको छ,आगामी दिनमा सुधार गर्न कस्तो कार्ययोजना आवश्यक पर्ने हो,सो सम्बन्धमा सुझाव सहित पेश गर्न निम्न सदस्यहरु रहेको  अध्ययन समिती गठन निर्णय गरियो ।

**निम्न**

संयोजक श्री नन्दलाल शर्मा

सदस्य श्री सुरेश मान्नधर

सदस्य श्री टोप बहादुर दर्लामी

सदस्य सचिव श्री प्रकाश पौडेल

**निर्णय नं. ६:**

वीरेन्द्रनगर नगरपालीकाको वडा न १ देखी १६ सम्म मिती २०७४ श्रावण २८ गते सम्पन्न वडा भेलाको खर्च विभिन्न वडा कार्यालय बाट माग भै आए अनुसार सोको भुक्तानी गर्ने र आगामी वडा भेला गर्नुपुर्व मापदण्ड तयार गरि मात्र खर्च स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

वीरेन्द्रनगर नगर सरकारको पहिचान झल्कने पहिचान छाप र नगर सभाका सदस्यहरुको पहिचान लोगो र पोशाक छनौट गर्ने समिती को मिती २०७४।०५।०१ गते को सिफारीस निर्णय कार्यपालीका सदस्यलाई उपलब्ध गराई आगामी बैठकमा छलफल गर्ने  निर्णय गरियो ।

**निर्णय नं. ८:**

यस नगरको आवधिक योजना निर्माण गर्ने क्रममा आवधिक योजना निर्माणका सहजकर्ता श्री ललीत शाहीज्युबाट आवधिक योजनाको प्रारम्भिक प्रतिवेदन प्रस्तुत भएको सम्बन्भमा सो प्रतिवेदन माथि कार्यपालीकाका सदस्यज्युहरुको राय आगामी बैठकमा छलफल गरि परिमार्जनका लागी प्रतिवेदनकर्तालाई सुझाव दिने निर्णय गरियो ।

**निर्णय नं. ९:**

यस नगरपालीका मार्फत कृषि,स्वास्थ्य,पशु,शिक्षा लगायत विभिन्न विषयगत कार्यालयहरुका लागी चालु आ.व.मा  संचालन गर्नुपर्ने कार्यक्रमका लागी केहि कार्यालयहरुबाट मात्र कार्यक्रम प्राप्त भएकोमा सोको जानकारी प्रस्तुत भयो । अत्यावश्यक कार्यक्रममा संचालनमा सहजिकरण गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. १०:**

गत आ.व २०७३।०७४ का लागी स्विकृत निम्न योजनाहरु स्थानीय निर्वाचन,वर्षात लगायतका विभिन्न कार्यबाट प्रभावित भई चालु आ.व मा सम्पन्न हुन नसकेकाले आगामी आ.व मा सम्पन्न गर्ने गरि कार्यकारी अधिकृतले थप गरेको म्यादलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निम्न**

१.तिलपुर मिलन चौक सडक कालोपत्रे कार्य वी.न.पा ९,सुर्खेत ।

२.घरेलुचौक देखी कालुङ्गचौक रर्बटचौक सतहढल निर्माण कार्य वी.न.पा ७,सुर्खेत ।

३.रत्न राजमार्ग देखी उत्तर केदार कंडेलको घरहुंदै तप ब थापाको घर हर्टलाईन सडक कालोपत्रे कार्य वी.न.पा ४,सुर्खेत ।

४.डेकेन्द्र पुरी घर देखी रिङ्गरोड सम्म पक्किनाला तथा ग्राभेल कार्य वी.न.पा ०१,सुर्खेत ।

**निर्णय नं. ११:**

यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट पेश भएको स्थानीय तहमा कार्यरत कर्मचारीहरुको आ.व. २०७४।०७५ को तलबी प्रतिवेदन पारीत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:**

पशु,कृषि,स्वास्थ्य लगायतका निम्न कार्यालयबाट गत विगतमा विभिन्न कार्यका लागी सेवा करारमा जनशक्ति लिईएको सम्बन्धमा २०७४ श्रावण देखी म्याद थप गरि काममा लगाउनुपर्ने निम्न कर्मचारीको २०७४ श्रावण देखी पौष मसान्त सम्म ६ महिनाका लागी निजहरुले साविकमा पाएकै सेवा सुविधा अनुसार हुने गरि हाललाई करार सेवा अवधि थप गर्नुका साथै २०७४ पौष मसान्त पश्चात निजहरुको कामको मुल्याकन गरि सेवा अवधि थप गर्ने निर्णय गरियो ।

**निम्न**

**१.जिल्ला जनस्वास्थ्य कार्यालय अर्न्तगतका निम्न कर्मचारीहरुः**

१.१ अ.न.मी.श्री मोहन कुमारी बुढाथोकी,उत्तरगंगा

१.२ अ.न.मी श्री देवीसरा आचार्य,गढि

१.३ अ.न.मी श्री सरीता श्रेष्ठ,लाटिकोइली

१.४ अ.न.मी.श्री सुनिता देवकोटा,सानीलेख

१.५ अ.न.मी.श्री लीला ढकाल,जर्वुटा

१.६ का.स श्री विष्णु कुमारी खत्रि,रतु

१.७ का.स श्री भरत रास्कोटी,सानीलेख

१.८ का.स श्री दीर्घराज पौडेल,गढि

**२.जिल्ला पशु सेवा कार्यालय अर्न्तगत एक गांउ एक प्राविधिक कार्यकमका कर्मचारीहरुः**

२.१ प्रकाश लामीछाने,गढि

२.२ अशोक कोइराला,रतु

**३.जिल्ला कृषि कार्यालय अर्न्तगतका कर्मचारीः**

३.१ जे.टि.ए.श्री पदम बहादुर नेपाली,गर्पन

**निर्णय नं. १३ः**

वीरेन्द्रनगर नगरपालीका को वडा न ११,शान्तिपुर झुप्रा खोलामा नेपाल सरकारको चुरे क्षेत्र संरक्षण कार्यक्रम अर्न्तगत हरेक वर्ष श्रावण र भाद्र महिनामा उक्त खोला बाट गिट्टी,बालुवा,ढुङ्गां उठाउन नदिने निर्णयले त्यस क्षेत्रका स्थानीय बासिन्दाहरुको जनजीवनमा पुर्‍याएको क्षतिको मुल्याकन गर्दै यस नगरकार्यपालीकाले एक पटकको लागी रु.१ लाख सम्मको खाद्यान्न खरिद गरि वितरण गर्ने र स्थानीय सामुदायिक संघसंस्थाहरुलाई आवश्यक सहयोग गर्नका लागी अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ः**

वीरेन्दनगरको वडा न १४ मा रहेको छेडा बाघखोर सडक खण्ड १० मिटर कालोपत्रे गर्दै सकडको मध्य भागबाट दांया बांया ७७ मिटर को बाटो कायम गर्ने र सो बाटोमा पर्यटन शुल्क सम्बन्धीत वडा ले नगरकार्यपालीकाको निर्णय बमोजिम उठाउन गरी सम्बन्धीत वडालाई नै जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. १५ः**

वी.न.पा वडा न १० देउती बज्यै मन्दिर मा बस्ने अपांग गंगाराम कठायतको मिती २०७४।०४।२८ मा मृत्य भएकाले दाहसंस्कार खर्च वाफत रु.६५०० उपलब्ध गराउने निर्णय गरियो ।